# नेपाल सरकार
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदको लागि
## आवेदन माग गरिएको सूचना
**(प्रकाशित मिति २०७९/०२/१२)**

राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संस्थान समन्वय शाखामा सम्पर्क गर्न सकिनेछ।

<u>तपसील :</u>

१ दरखास्त पेश गर्ने अन्तिम दिनसम्म ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको।

२ मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग, विज्ञान, अर्थशास्त्र वा वाणिज्य शास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको।

३ सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा एक वर्षको तालिम र कम्तीमा १० वर्षको अनुभव भएको।

४ प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

५ योग्यता पुगेका इच्छुक व्यक्तिहरूले देहायका कागजात संलग्न गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष दरखास्त पेश गर्नुपर्नेछ।

(क) नियुक्त हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण (Bio data),

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (अवधि खुल्ने गरी),

(च) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा तयार गरिएको बढीमा ५००० शब्दको सिलबन्दी व्यावसायिक कार्ययोजना (कम्प्युटर टाइप गरिएको, पहिलो पाना (Cover Page) को सबैभन्दा माथि आफ्नो नाम लेखिएको र अन्यत्र कहीं पनि नाम वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको),

(छ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(झ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि।

६ शैक्षिक योग्यता र कार्य अनुभव प्रमाणपत्रको हकमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ।

७ **दरखास्त पेश गर्ने अन्तिम म्यादः** यो सूचना प्रकाशित भएको मितिले बाह्रौं दिन कार्यालय समयभित्र (सो दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

८ **दरखास्त बुझाउने स्थानः** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरबार।

९ उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना, सोको प्रस्तुतीकरण र अन्तरवार्ताको मूल्याङ्कनका आधारमा नियुक्तिको लागि सिफारिस गरिनेछ।

१० रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन।

११ दरखास्त साथ उम्मेदवारले आफ्नो योग्यता सम्बन्धी स्वःघोषणा पेश गर्नुपर्नेछ।

१२ उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने स्वःघोषणाको ढाँचा मन्त्रालयको वेवसाइट <u>www.mocit.gov.np</u> बाट प्राप्त गर्न सकिनेछ।